मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २२२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार १४ गते शुक्रबार (Friday, 29 June 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**संक्रामक रोगबाट बचौं र बचाऔं**

गर्मी मौसममा मलेरिया, कालाजार, डेगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।

त्यसैले,

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### दुर्घटना न्युनीकरण गर्न ट्राफिक सप्ताह

## सप्ताहमै ५ जनाले ज्यान गुमाए




**बिर्तामोड, असार १३।** कोशी प्रदेशका १४ जिल्लामा ट्राफिक सप्ताहकै अवधिमा पाँच जनाले ज्यान गुमाएका छन् । सातै दिन सात काम-सडक सुरक्षा हाम्रो अभियान भन्ने नाराका साथ कोशी प्रदेशका १४ वटै जिल्लामा ट्राफिक सप्ताह गत असार ६ गतेबाट शुरु भएको थियो ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीको निर्देशनमा झापासहित मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम, इलाम, पाँचथर, ताप्लेजुङ, भोजपुर, संखुवासभा, खोटाङ, ओखलढुंगा र सोलुखुम्बूमा एकैसाथ ट्राफिक सप्ताह शुरु भएको थियो ।

सडक दुर्घटना दैनिकरुपमा बढिरहेको भन्दै ट्राफिक प्रहरीले सचेतना अभियान सञ्चालन गरे पनि ट्राफिक सप्ताहककै अवधिमा झापामा दुई जना, सुनसरीमा एक जना, उदयपुरमा एक, संखुवासभामा एक गरी पाँच जनाले ज्यान गुमाए । ज्यान गुमाउनेमा तीन पुरुष र दुई जना महिला रहेको राजमार्ग सुरुक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रहरी नायव उपरीक्षक मोहनविक्रम दाहालले जानकारी दिए ।

ट्राफिक सप्ताहकै अवधिमा सबैभन्दा धेरै मोरङ जिल्लामा २८ वटा सवारी दुर्घटना भएका छन् भने सुनसरीमा २४, झापामा १४ र धनकुटामा चारवटा सवारी दुर्घटना भएको ट्राफिक प्रहरीले जनाएको छ । उक्त अवधिमा भएका दुर्घटनामा १६ जना गम्भीर घाइते भएका थिए भने एक सय २३ जना सामान्य घाइते भएको ट्राफिक प्रहरीले जनाएको छ ।

सचेतनामूलक कार्यक्रमसहित सात दिन फरकफरक कार्यक्रम गरेको ट्राफिक प्रहरीले सुनसरीमा ९ सय ३६ वटा सवारी साधनलाई कार्वाही गर्‍यो भने झापामा एक हजार दुई सय ६२ सवारी ट्राफिक नियम उल्लंघन गरेको भन्दै कार्वाहीमा परे ।

त्यस्तै मोरङमा एक हजार ३३, उदयपुरमा ३ सय ६४, धनकुटामा दुई सय १३, तेह्रथुममा २३, इलाममा ३ सय ३६, पाँचथरमा ६४, ताप्लेजुङमा १८, भोजपुरमा ५५, संखुवासभामा ५२, खोटाङमा एक सय १६, ओखलढुंगामा ९५ र सोलुखुम्बूमा ५९ वटा सवारीलाई ट्राफिक नियम उल्लंघन गरेको भन्दै कार्वाही गरिएको प्रहरी नायव उपरीक्षक दाहालले जानकारी दिए । उनका अनुसार चार हजार ६ सय २६ वटा सवारीलाई कार्वाही गर्दा ३० लाख, ४६ हजार ५० रुपैयाँ राजश्व संकलन भएको छ ।

जिल्लाका विभिन्न स्थानमा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरे पनि सवारी दुर्घटनामा भने कमी आउन सकेको छैन ।

# एसइई नतिजा : ४७.८६ प्रतिशत उत्तीर्ण

**झापा, असार १३।** राष्ट्रिय परीक्षा बोर्डले विहीवार सार्वजनिक गरेको माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतिजामा ४७ दशमलव ८६ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष प्रा.डा. महाश्रम शर्माले नतिजा सार्वजनिक गर्दै चार लाख ६४ हजार सात सय ८५ परीक्षार्थीले परीक्षा दिएको जानकारी दिए । उत्तीर्ण भएकामध्ये एक सय ८६ जनाले ४ जीपीए ल्याएको उनले बताए । परीक्षामा सहभागीमध्ये ५२ दशमलव १४ प्रतिशत परीक्षार्थी अनुत्तीर्ण भएका छन् । एक लाख १४ हजार ४८ छात्र र एक लाख २८ हजार दुई सय ५७ छात्रासहित कूल दुई लाख ४२ हजार तीन सय १३ परीक्षार्थीको 'एनजी' अर्थात् 'ननग्रेडेड' आएको छ ।




बोर्डका अध्यक्ष प्रा.डा. शर्माले एउटा विषयमा एनजी आउने ६७ हजार सात सय ९३ र दुई विषयमा एनजी आउने ४८ हजार ३८ विद्यार्थी रहेका छन् । दुई सय २१ जनाको परीक्षा रद्द भएको उनले जानकारी दिए । यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक गरिएको हो । सैद्धान्तिक ७५ पूर्णाङ्क विषयमा कम्तीमा २७ अङ्क र आन्तरिक मूल्याङ्कन २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने हुन्छ । एक सय पूर्णाङ्कमा कम्तीमा ३७ अङ्क ल्याउनुपर्ने अन्यथा अङ्क आएमा 'एनजी' ननग्रेडड आउँछ ।

**सबभन्दा बढी अनुत्तीर्ण गणितमा**

यस वर्षको एसइईमा सबैभन्दा बढी विद्यार्थीको गणितमा एनजी आएको छ । गणित विषयमा एक लाख ७७ हजार नौ सय ८५ विद्यार्थीको एनजी आएको हो । यस्तै विज्ञानमा एक लाख २६ हजार नौ सय ३३ तथा अङ्ग्रेजीमा एक लाख एक हजार तीन सय ८३ विद्यार्थीको एनजी आएको बोर्डका अध्यक्ष प्रा. डा. शर्माले बताए ।

सामाजिकमा ७३ हजार आठ सय ७७, नेपालीमा ६९ हजार पाँच सय ३२, अर्थशास्त्रमा ६९ हजार चार सय १६ तथा ऐच्छिक गणितमा २० हजार तीन सय ५२ विद्यार्थीको एनजी आएको छ । दुई विषयसम्म एनजी आउने विद्यार्थीको पूरक परीक्षा

(बाँकी अन्तिम पृष्ठमा)

## झापाबाट ४७.३७ प्रतिशत उत्तीर्ण

**झापा, असार १३ ।** माध्यमिक शिक्षा परीक्षा (एसइई) मा सहभागीमध्ये झापाबाट ४७.३७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । परीक्षामा सहभागी विद्यार्थीमध्ये ७ हजार ३ सय २५ जना परीक्षार्थी उत्तीर्ण भएका हुन् । यो वर्ष एसइई परीक्षामा झापाबाट कूल १५ हजार ४ सय ६२ जना परीक्षार्थी सहभागी थिए । जसमध्ये ८ हजार १ सय ३७ जना विद्यार्थी नन ग्रेडिङ (असफल) मा परेका छन् ।

दुई विषयमा अनुत्तीर्ण परीक्षर्थी समेत नन ग्रेडिङमा गणना गर्दा ८ हजार १३७ जना असफल भएका हुन् । तीमध्ये दुई विषयमा फेल भएका उनीहरुले साउन १८ र १९ गते मौका परीक्षा दिन पाउने शिक्षा विकास तथा समन्वय इकाइ झापाले जनाएको छ ।

झापामा ३.४ देखि ४ जिपिए ल्याउने ७४७ जना, ३.२ देखि ३.६ सम्म ल्याउने २ हजार ४५८ जना, २.८० देखि ३.२० सम्म ल्याउने २ हजार ९७२ जना, २.४० देखि २.८० सम्म ल्याउने १ हजार १०३ जना र २.० देखि २.४० सम्म ल्याउने ४५ जना रहेका छन् ।

**मोहनमायाको नतिजा उत्कृष्ट**

मोहनमाया माध्यमिक विद्यालयले २०८० को एसइई परीक्षामा ३.२० माथिको जिपिएमा ९२ जना विद्यार्थी उत्तीर्ण गराउँदै जिल्लाकै सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण गराएको दावी गरेको छ ।

विद्यालयले ६२.५ प्रतिशत विद्यार्थीले ३.२० जिपिएभन्दा माथि नतिजा ल्याउँदै जिल्लाकै प्रथम भएको दावी गरेको हो । ३.६०भन्दा माथि जिपिए आउने विद्यार्थीको संख्या २४.४९ प्रतिशत रहेको र यो नतिजासमेत जिल्लामा प्रथम हुन सक्ने दावी गरिएको छ ।

मोहनमायामा अध्ययनरत् विद्यार्थीमध्ये ३.६० देखि ४ जिपिए ल्याउने ३६ जना, ३.२० देखि ३.६० ल्याउने ५६ जना, २.८० देखि ३.२० ल्याउने २३ जना र २.४० देखि २.८० ल्याउने ७ जना छन् । ननग्रेडिङका विद्यार्थी २५ जना रहेको र त्यसमध्ये ग्रेडवृद्धिमा २० जना सहभागी हुने बताइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## वन्यजन्तु संरक्षित क्षेत्रमा बाँस र फलफूल रोपिंदै




**अमित खम्बू**

**अर्जुनधारा,असार १३।** मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्यले झापाको अर्जुनधारा -३ स्थित जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहले वन क्षेत्रमा बाँस एवम् विभिन्न फलफूलका बिरुवा रोपण कार्य शुरु गरेको छ ।

गत जेठ ४ गते सम्पन्न कार्यसमितिको बैठकको निर्णय अनुसार वन्यजन्तु संरक्षित क्षेत्रको रुपमा संरक्षण गरिएको सामुदायिक वन अन्तर्गत खण्ड नं.१ को 'गैंडे आहाल क्षेत्र'मा रोपण कार्य शुरु गरेको हो ।

समूहको आयोजना र सुरुङ्गा सब डिभिजन वन कार्यालय, सशस्त्र प्रहरी बल सुरक्षा बेस खुदुनावारी, अस्थायी प्रहरी चौकी खुदुनाबारी, शनिश्चरे बहुमुखी क्याम्पस, समूहअन्तर्गत विभिन्न टोललगायतको संयोजनमा बिहीबार समूहका अध्यक्ष मोहन श्रेष्ठले केराको बिरुवा रोपेर उक्त कार्यक्रमको उद्घाटन गरेका थिए ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रम अर्न्तगत समूहको विभिन्न टोलबाट सञ्चालन गरिएको एक उपभोक्ता घरधुरी एक बिरुवा अभियानमार्फत् संकलन गरिएको बाँससँगै केरा, उखुलगायत फलफूलका बिरुवा रोपिने समूहका अध्यक्ष श्रेष्ठले जानकारी दिए । कार्यक्रममार्फत् आहाराको खोजीमा बस्तीसम्म पुग्ने वन्यजन्तुहरुका कारण हुनसक्ने धनजनको क्षतीमा कमी हुनेछ -अध्यक्ष श्रेष्ठले भने ।

त्यसैगरी अनुमानित ११.१६ हेक्टर क्षेत्रफल रहेको संरक्षण क्षेत्रमा वन्युजन्तुको लागि आगामी आर्थिक वर्ष ०८१/०८२मा आहारासँगै खानेपानीको व्यवस्थापन गर्न पोखरी निर्माणको कार्य गर्ने समूहको लक्ष्य

(बाँकी अन्तिम पृष्ठमा)

## बिहेको बहानामा चीन पुर्‍याएपछि ...

**झापा, असार १३।** बिहेको बहानामा चीन पुर्‍याएर मानव बेचबिखन गरेको आरोपमा प्रहरीले एक जना महिलालाई पक्राउ गरेको छ ।

मानव बेचबिखन अनुसन्धान ब्युरोले उदयपुर त्रियुगा नगरपालिका-१ जोगीदहकी ३१ वर्षीया सुन्दरी राईलाई पक्राउ गरेको एसपी गौतम मिश्रले जानकारी दिए । उनलाई पक्राउ गरी सात दिन हिरासतमा राख्न प्रहरीले काठमाडौं जिल्ला अदालतबाट अनुमति लिएको छ ।

उनले फेसबुकको मेसेन्जरमार्फत एक जना महिलासँग कुराकानी गरेकी थिइन् । आफू चिनियाँ पुरूषसँग विवाह गरी चीनमा आएको र १० वर्षदेखि बस्दै आएको बताएकी थिइन् । चीनमा राम्रै सेवासुविधा हुने र पीडित महिलालाई पनि विवाह गरी चीन आउन उनले प्रस्ताव राखेकी थिइन् । विवाहका लागि तयार भएका एक जना धनी चिनियाँ पुरूषलाई चिनेको भनेर प्रलोभनमा पारी ती महिलालाई विवाह गर्न राजी बनाएको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

उनी राजी भएसँगै उनले ती महिलालाई काठमाडौंको ठमेलमा चिनियाँ नागरिकसँग भेट गराइदिएका थिए । २०८० फागुन १० गते ती महिलालाई भिजिट भिसामा चीन पुर्‍याएको पाइएको छ । चीन पुगेपछि भने ती महिला चिनियाँ नागरिकको घरमा बन्धकमा परेकी थिइन् ।

शारीरिक र मानसिक यातना दिएर

(बाँकी अन्तिम पृष्ठमा)



# खोला किनारमा मत्ता हात्ती मृत भेटियो



**झापा, असार १३।** मेचीनगर नगरपालिका-३ मा विहीवार बिहान एउटा हात्ती मृत अवस्थामा भेटिएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार वडा नं -३ को धरधरे टोल सुकेनिन्दा खोलाकिनारमा मत्ता हात्ती मृत फेला परेको हो ।

स्थानीयवासीले खोलामा मरेको हात्ती देख्नेवित्तिकै जिल्ला प्रहरी कार्यालय र डिभिजन वन कार्यालयमा खबर गरेका थिए । उक्त खबर प्राप्त हुनासाथ ती निकायको संयुक्त टोली खोला किनारमा पुगेको थियो ।

झापाका प्रहरी प्रवक्ता कृष्णबहादुर चन्दले मृत हात्तीको परीक्षणका लागि कोशीटप्पु वन्यजन्तु आरक्षबाट पशुविशेषज्ञ टोली आउने जानकारी दिए ।

# खोलाले बगाउँदा बालक बेपत्ता

**बिर्तामोड, असार १३ ।** झापाको दक्षिणपश्चिम पालिका गौरीगञ्ज वडा नम्बर १ मा बनियानी खोलाले बगाउँदा एक बालक बेपत्ता भएका छन् ।

वडा अध्यक्ष कात्तिकलाल राजवंशीका अनुसार बेपत्ता हुनेमा वडा नम्बर १ झोलुंगे टोलका वेद विकका १३ वर्षीय छोरा मिलन विक रहेका छन् । बुधवार साँझ ६ बजेतिर साथीहरुसँग खोला तर्ने क्रममा ती बालकलाई खोलाले बगाएको स्थानीयले बताएका छन् । जनपद प्रहरी, सशस्त्र प्रहरी तथा स्थानीयको सहयोगमा बालकको खोजी कार्य जारी रहेको छ । तर, हालसम्म नभेटिएको प्रहरीले जनाएको छ ।

# विद्यार्थीलाई शैक्षिक सामग्री




**झापा, असार १३।** लायन्स क्लव अफ बिर्तामोडले बिद्यार्थीका लागि शैक्षिक सामग्री बितरण गरेको छ ।

क्लवले कनकाई नगरपालिका -७ स्थित दुर्गापुरमा रहेको भृकुटी माध्यमिक विद्यालयका विद्यार्थीलाई ६ सय थान कपी प्रदान गरेको हो । विद्यालयमा आयोजित कार्यक्रमका बीच शैक्षिक सामग्री बितरण गरिएको हो ।

क्लवकी अध्यक्ष संगीता रौनियारको अध्यक्षता तथा कनकाईका पूर्व अध्यक्ष मनोज बस्नेतको प्रमुख आतिथ्यमा भएको सोही कार्यक्रममा कनकाई -७ निवासी पानु योङ्हाङलाई ह्वील चेयर प्रदान गरिएको थियो । पूर्ण रुपमा अशक्त रहेकी उनलाई ह्वील चेयर प्रदान गरिएको अध्यक्ष रौनियारले बताइन् । त्यस्तै कनकाई ९ निवासी सागडी गणेशलाई वैशाखी प्रदान गरिएको थियो ।

कार्यक्रममा लायन्स क्लव अफ बिर्तामोडका पूर्ब अध्यक्ष सत्यनारायण शर्मा, जीवन खड्का, सुरज रौनियार लगायतको आतिथ्य रहेको थियो ।

लायन्सले विद्यार्थीलाई शैक्षिक सामग्रीसहित मानवीय सेवाका क्षेत्रमा समेत काम गरेको भन्दै विद्यालय व्यवस्थापन समिति अध्यक्ष नवीनकुमार बस्नेत, सहायक प्रधानाध्यापक कुमार खरेल, शिक्षक अभिभावक संघका महेन्द्र कन्दङ्वाले धन्यवाद दिएका थिए ।

## विहेको ...

पटकपटक यौन शोषण गरेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । महिलालाई बन्धक बनाएर राखेको खुलेपछि चीनस्थित नेपाली राजदूतावासको समन्वयमा असार ९ गते उद्धार गरी उनलाई नेपाल फर्काइएको एसपी मिश्रले जानकारी दिए ।

नेपाल फर्किएर पीडितले राईविरूद्ध जाहेरी दिएपछि प्रहरीले उनलाई पक्राउ गरेको हो । यसमा संलग्न चिनियाँ नागरिक र अन्य व्यक्तिको खोजी भइरहेको ब्युरोले जनाएको छ ।

## वन्यजन्तु ...

रहेको छ ।

तत्कालीन अध्यक्ष दिव्य कट्टेलको कार्यकालमा पनि उक्त क्षेत्रमा बाँस र फलफूलका बिरुवा रोप्ने कार्य भएको लेखापाल हरि खतिवडाले बताए । उनका अनुसार उक्त क्षेत्रमा हात्ती, बँदेल, मृग, बाँदर, दुम्सी आदि पाइने गरेको छ ।

## झापाबाट ...

**जनविकासको नतिजा शून्य**

बाह्रदशी गाउँपालिका ४ मा रहेको जनविकास माध्यमिक विद्यालयको एसइई नतिजा शून्य भएको छ ।

माध्यमिक शिक्षा परीक्षा (एसइई)को विहीवार सार्वजनिक नतिजा अनुसार सो विद्यालयबाट परीक्षामा सहभागी सबै विद्यार्थी अनुत्तीर्ण भएका हुन् । बाह्रदशी गाउँपालिका शिक्षा शाखाका प्राविधिक सहायक योगराज पौडेलले दिएको जानकारी अनुसार पालिकाबाट एसइई परीक्षामा सहभागी विद्यालय मध्ये जनविकासको नतिजा शून्य आएको हो ।

त्यस्तै गौरीशंकर माविबाट १९ जना, फूलवारी माविबाट ४ जना, पशुपति मावि ४२ जना, अमृत माविबाट १ जना, पञ्चमणि माविबाट २ जना विद्यार्थी उत्तीर्ण भएका छन् । दीपजन माध्यमिक विद्यालयबाट परीक्षामा सहभागी विद्यार्थी मध्ये ४५ जना उत्तीर्ण भएका छन् ।

**मिनी माउण्टेनका शत प्रतिशत**

माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८० को नतिजामा बाह्रदशी गाउँपालिका- ६ मा रहेको मिनी माउण्टेन इङ्लिस स्कूलका शत प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । ११ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । जसमा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएको विद्यालयका संस्थापक प्रिन्सिपल खगेन्द्र सुवेदीले जानकारी दिए । परीक्षामा सहभागी विद्यार्थी मध्ये ३ जनाले ए प्लस, ४ जनाले ए र ४ जनाले बी प्लस जीपीए प्राप्त गरेका छन् ।

संस्थागत र सामुदायिक विद्यालय गरी १६ विद्यालयका विद्यार्थी बाह्रदशी गाउँपालिकाबाट परीक्षामा सामेल भएका थिए ।

जसमध्ये मिनी माउण्टेनले शतप्रतिशत नतिजा निकाल्न सफल भएको हो । यता बाह्रदशी -५ मा रहेको कञ्चन ज्योति अंग्रेजी माध्यमिक विद्यालयकी छात्रा सिम्रन सापकोटाले ३ दशमलव ७८ जिपिए ल्याएर बाह्रदशी गाउँपालिका प्रथम भएकी सो विद्यालयले दावी गरेको छ ।

## एसइई ...

आगामी साउन १८ र १९ गतेलाई तोकिएको छ ।

साउनमा परीक्षा गरेर भदौमा नतिजा सार्वजनिक गर्ने र यसै वर्ष उनीहरुले कक्षा ११ मा भर्ना हुन पाउने गरी व्यवस्था गरिएको छ । पूरक परीक्षामा पनि उत्तीर्ण हुन नसक्ने विद्यार्थीको हकमा र दुईभन्दा बढी विषयमा एनजी आएका विद्यार्थीले आउँदो नियमित परीक्षामा एनजी आएको विषयको मात्रै परीक्षा दिन पाउने व्यवस्था गरिएको छ ।

यस वर्षको एसइई नतिजामा गत वर्षभन्दा सुधार भएको अध्यक्ष प्रा. डा. शर्माले बताए । उनका अनुसार माथिल्लो जिपिए ल्याउनेको सङ्ख्या बढेसँगै नतिजा सुधार भएको हो । बोर्डले सार्वजनिक गरेको नतिजा अनुसार यसवर्ष सबैभन्दा बढी अर्थात् ७८ हजार आठ सय ७४ विद्यार्थीले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए प्राप्त गरेका छन् । सबैभन्दा कम ६ विद्यार्थीले १ दशमलव ६० देखि २ दशमलव ० जिपिए ल्याएका छन् । त्यस्तै एक सय ८६ विद्यार्थीले ४ जिपिए, ३१ हजार २०९ जनाले ३ दशमलव ६० देखि ४ दशमलव ० जिपिए, ६८ हजार दुई सय ५६ जनाले ३ दशमलव २० देखि ३ दशमलव ६० जिपिए र ७८ हजार आठ सय ७४ जनाले २ दशमलव ८० देखि ३ दशमलव २० जिपिए, ४१ हजार एक सय ७७ जनाले २ दशमलव ४० देखि २ दशमलव ८० जिपिए र दुई हजार ९५० जनाले २ दशमलव ०० देखि २ दशमलव ४० जिपिए ल्याएका छन् ।

**यस्तो छ प्रदेशको नतिजा**

सार्वजनिक भएको नतिजा अनुसार यसवर्षको एसइई परीक्षामा सबैभन्दा बढी बागमती प्रदेशबाट ९९ हजार आठ सय ७२ विद्यार्थी सहभागी भएकामा ३३ हजार आठ सय ४३ जनाले ननग्रेड (एनजी) पाएका छन् ।

त्यस्तै, लुम्बिनी प्रदेशबाट ८० हजार तीन सय २७ विद्यार्थी सहभागी भएकामा ४९ हजार दुई सय २४ जनाको ननग्रेड (एनजी) आएको छ । मधेश प्रदेशमा ७९ हजार पाँच सय ९२ विद्यार्थी सहभागी भएकामा ४२ हजार दुई सय ८६ जनाले ननग्रेड (एनजी) तथा कोशी प्रदेशमा ७५ हजार नौ सय ८८ जना सहभागी भएकामा ३९ हजार आठ सय ९५ जनाको ननग्रेड (एनजी) आएको छ ।

गण्डकी प्रदेशमा ४० हजार पाँच सय २६ विद्यार्थी सहभागी भएकामा २० हजार दुई सय ७५ जनाको ननग्रेड (एनजी) आएको छ भने कर्णाली प्रदेशबाट परीक्षामा ३५ हजार ३४ जना सहभागी भएकामा २० हजार तीन सय ८० जनाको ननग्रेड आएको छ । सुदूरपश्चिम प्रदेशमा भने ५३ हजार चार सय ४६ विद्यार्थी सहभागी भएकामा ३६ हजार चार सय १० जनाको ननग्रेड आएको छ । उनीहरुले पूरक परीक्षामा सहभागी हुनुपर्ने छ ।

प्रकाशित नतिजामा चित्त नबुझेमा पुनर्योग गर्न र उत्तरपुस्तिका पुन: परीक्षणसमेत गराउन सक्ने व्यवस्था छ । पुनर्योगका लागि परीक्षार्थीले आफूले पुनर्योग गर्न चाहेका विषयका लागि कार्यालयको वेवसाइटमा गई पुनर्योग फाराम भरी आवेदन दिने व्यवस्था रहेको परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए ।


## बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
बुधवारे, झापा
कोशी प्रदेश, नेपाल
पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

### नक्सा पासका लागि सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मिति : २०८१।०३।१३

यस गाउँपालिकाको वाड नं. -३ बस्ने श्री/सुश्री / श्रीमती राजकुमार चेम्जाङको नाममा दर्ता कायम रहेको साविक ७ हाल गाउँपालिका वडा नं. ३ स्थित कि न ५९५९ ज.वि ०-० -१२.२५ क्षेत्रफलमा तपशिलमा उल्लेख भए बमोजिमको नक्शा पास ).....गर्न स्वीकृतिका लागि पेश भएकोमा मिति २०८१/०२/२१ मा नक्सा पासका लागि संधियारको नाममा जारी गरिएको १५ दिने सूचना सम्बन्धित स्थानमा सूचना टाँस गर्न जाँदा तपशिलमा भएका संधियारहरु नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध, संधियार, बाटो, नदीनाला र सार्वजनिक जग्गालाई असर पर्ने वा नपर्ने सो को उजुरी गर्न, अन्यथा यो बमोजिम नक्सा पास भई जाने व्यहोरा अनुरोध छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनी सधियारहरु |
|---|---|---|---|
| १ | साविक बुधवारे-७<br>हाल बुद्धशान्ति-३<br>कि.नं. ५९५९<br>क्षेत्रफल ०-०-१२.२५ | चौडाई २८'<br>लम्बाई ३६'४" फिट<br>क्षेत्रफल ९७०.६५९ ब.मि. | पूर्व : गोपी खतिवडा<br>पश्चिम : बिजय दाहाल<br>उत्तर : बाटो<br>दक्षिण : प्रेम गौतम |


# मदन भण्डारी राजमार्ग: झापा-सुनसरी खण्डमा २२ वटा पुल निर्माण



**झापा, असार १३।** मदन भण्डारी राजमार्ग अन्तर्गत झापा-सुनसरी खण्डमा निर्माणाधीन पुलको वित्तीय प्रगति ८५ प्रतिशत र भौतिक प्रगति ९० प्रतिशत भएको छ ।

राजमार्ग योजना कार्यालयका सूचना अधिकारी सुभाषकुमार दत्तका अनुसार निर्धाणाधीन ३७ वटा पुलमध्ये २२ वटा पूरा भएका छन् । निर्माण सम्पन्न पुल ४० देखि चार सय मिटर लामा छन् ।

निर्माण पूरा हुन बाँकी १५ पुलमध्ये नौ वटाको 'एप्रोच' सडक मात्र बन्न बाँकी छ । उनले संरचना निर्माण हुने क्षेत्रमा वन परेको र कटानको अनुमति नपाएका कारण काम रोकिएको बताए । छ वटा पुलको भने आधारभूत संरचना नै बन्न बाँकी रहेको उनले जानकारी दिए ।

मोरङ, सुनसरी, झापा र इलामका खोलामा पुल निर्माण भएका छन् । डाले, मुगु, खुदुम, मोरङे, नुसारी, सुखानी सहादतस्थल, बुद्धि सुखानी, सुखानी खोला, टाङ्टिङ, बयङ् तेली, बिजुवा, बुकुवा, रतुवा खोलामा पुल निर्माण सम्पन्न भएको बताइएको छ ।

सूचना अधिकारी दत्तका अनुसार नौ वटा पुलको मूल संरचना सकिए पनि रूख कटान अनुमति लिने झन्झटिलो प्रक्रियाले एप्रोच सडक निर्माण गर्न समस्या भएको छ । सबै पुलको लागत रु. छ अर्ब १२ करोड ६२ लाख ५४ हजार छ ।

यसैगरी, सडकको भौतिक प्रगति भने न्यून रहेको छ । हालसम्म सडकतर्फको भौतिक प्रगति ४५ प्रतिशत मात्र भएको छ भने वित्तीय प्रगति ४५ दशमलव ८१ प्रतिशत रहेको उनले जानकारी दिए । उनले रु. १० अर्ब १३ करोड लागतमा झापाको बाहुनडाँगीदेखि सुनसरीको चतरासम्म एक सय ३१ किलोमिटर सडक र ३७ पुलको ठेक्का लगाइएको बताए । उनका अनुसार निर्माण व्यवसायीलाई काम सम्पन्न भएका अधिकांश आयोजनाको रु. २९ करोड भुक्तानी दिन बाँकी छ ।


## कमल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा कोशी प्रदेश, नेपालको

### अत्यन्त जरूरी सूचना

दिगो तथा सम्मानित रोजगारीका लागि दोस्रो परियोजना (ENSSURE ) को प्राविधिक सहयोगमा यस कमल गाउँपालिकामा यस आर्थिक वर्षको कार्यक्रम अनुसार १० महिने १६९६ घण्टे लेवल २ (दुई) तालिम कार्यक्रम अन्तर्गत प्रोफेशनल विल्डिङ इलेक्ट्रिसियन र प्रोफेशनल मोटरसाइकल मेकानिक्स विषयको तालिम कार्यक्रम छनौट भई तपशिलका तालिम प्रदायक संस्थाहरुद्वारा सो तालिम कार्यक्रम कमल गाउँपालिकाभित्रै सञ्चालन गर्ने भएकाले सो तालिम लिनका लागि १८ वर्षदेखि ४० वर्ष उमेर समूहका इच्छुक नागरिकहरुलाई आफूले रोजेको विषयमा आ-आफ्नो वडामा गई मिति २०८१।०३।२७ गतेसम्ममा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

- दैनिक ६ घण्टाको तालिम हुनेछ ।
- तालिम अवधिभर खाजाको व्यवस्था हुनेछ ।
- तालिममा सहभागी २० जना हुने छन् साथै सम्पूर्ण तालिम नि:शुल्क हुनेछ ।
- सम्वन्धित विषयमा पहिले तालिम नलिएको हुनुपर्नेछ ।

**तालिम सञ्चालन गर्ने संस्थाहरू :-**

१. जिभ करियर इन्ष्टिच्युट प्रा. लि., अनामनगर, काठमाण्डौ
(प्रोफेशनल विल्डिङ इलेक्ट्रोसियन)

२. अवान्टिका टेक्निकल एण्ड भोकेशनल इन्ष्टिच्युट प्रा. लि., ललितपुर
(प्रोफेशनल मोटरसाइकल मेकानिक्स)

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू :-**

१. इच्छुक व्यक्तिको निवेदन
२. नेपाली नागरिकताको प्रमाण पत्र



## कमल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी झापा कोशी प्रदेश, नेपालको

प्रथमपटक प्रकाशित : २०८१।०३।१४

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ उप-दफा (घ) को व्यवस्था बमोजिम यस कमल गाउँ कार्यपालिकाको मिति २०८१/०३/०४ गतेको निर्णयबाट आ.व. ०८१/०८२ (१ वर्ष) मा संकलन गरिने स्थानीय पूर्वाधार सेवा शुल्कको न्यूनतम् कबोल अंक निर्धारण भए बमोजिम देहायको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही बढाबढमा शिलबन्दी दरभाउपत्र पेश गर्न यो १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

#### ठेक्काको विवरण

| सि.नं. | ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम कबोल अंक(भ्याट बाहेक) | शिलबन्दी दरभाउपत्र दस्तुर | शिलबन्दी दरभाउपत्र खरिद गर्ने म्याद | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | १.राजश्व २०८०/८१ | विज्ञापन | ५,००,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |
| २ | २. राजश्व २०८०/८१ | सिम्ले क्याम्पा सडक | ३,५०,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |
| ३ | ३. राजश्व २०८०/८१ | हिमाली मार्ग सडक | ५०,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |
| ४ | ४. राजश्व २०८०/८१ | केर्खा क्याम्पा सरङपाडा सडक | ३,५०,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |
| ५ | ५/राजश्व/ २०८०/८१ | सितापुरी जीवनचौक सडक | २५,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |
| ६ | ६. राजश्व २०८०/८१ | अमलडाँगी समयगढ सोलमारी सडक | ५०,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |
| ७ | ७. राजश्व २०८०/८१ | पाडाजुँगी वालुवथान झर्का सडक | १,००,०००/- | १,०००/- | २०८१/०३/२८ कार्यालय समय भित्र | २०८१/०३/३० १२ बजेभित्र | २०८१/०३/३० २ बजेपछि |

नोटः शर्तहरु तथा अन्य विस्तृत जानकारीका लागि कमल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सूचना पाटी, वेभसाईट : www.kamalmun.gov.np मा वा कार्यालय समयभित्र कार्यालयमा समेत सम्पर्क गर्न सक्नुहुनेछ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# ट्राफिक व्यवस्थापनमा सहयोग गरौं

**झापामा ट्राफिक नियम उल्लंघन गर्नेहरुलाई कारवाही गर्दा झण्डै साढे तीन करोड रुपैयाँ राजश्व सङ्कलन भएको छ । चालू आर्थिक वर्ष २०८०-०८१ को एघार महिनाको अवधिमा ५१ हजार सात सय ८२ जना नियम उल्लंघन गर्ने चालकहरु कारवाहीमा परेका हुन् । सामान्यतः मादकपदार्थ सेवन गरेर सवारी चलाउने, बढी यात्रु बोक्ने, ट्राफिक सङ्केतको पालना नगर्नेहरु कारवाहीमा पर्छन् । त्यस बाहेक चालक अनुमति पत्र नभएका, नियम विपरीत सवारी चलाउने, तीब्र गतिमा चलाउने, सवारीको स्वरुप परिवर्तन गरेर चलाउने लगायत पनि कारवाहीमा पर्ने गरेका छन् । त्यस्तो कार्यलाई दुरुत्साहित गरी सवारी दुर्घटना नियन्त्रण गर्न कै लागि ट्राफिक प्रहरीको व्यवस्था गरिएको हुन्छ । त्यसैले उनीहरुले इमान्दारीपूर्वक कर्तव्य निर्वाह गरेको खण्डमा दण्डसजायबाट जोगिन्छ र दुर्घटनाबाट हुने ठूलो क्षतिबाट पनि बचिन्छ ।**

**ट्राफिक कारवाही प्रष्ट रुपमा भन्दा सबै चालकलाई सजग गराउने कडी हो । कहिले गल्ती गर्छ र जरिवाना गरौंला भनेर पर्खिरहने हो भने दुर्घटना अरु बढेर जानेछ । आर्थिक जरिवानाले राज्यलाई राजश्व सङ्कलनमा योगदान त होला तर ट्राफिक व्यवस्थापनको औचित्य पुष्टि हुँदैन । राजश्व सङ्कलनलाई लक्ष्य बनाइँदा दुर्घटना न्यूनीकरण हुन सक्दैन र त्यसले हुन सक्ने मानवीय तथा अार्थिक क्षति झनै भयावह बन्नेछ । नेपालीको अहिले मानसिकता नै बद्लिएको छ, जुनसुकै अवस्थामा पनि मादक पदार्थ सेवन गर्नैपर्ने परम्परा जस्तै बन्न थालेको छ । यसले दुर्घटनाको जोखिम बढाएको छ र अकल्पनीय क्षति व्यहोर्नु परिरहेको छ ।**

**झापा ट्राफिकले एघार महिनाको तथ्यांक प्रस्तुत गर्दै यस अवधिमा ७९ जनाले जीवन गुमाउनु परेको जनाएको छ । ती मध्ये आठ जना महिला र पाँच बालबालिका रहेका छन् । त्यस्तै चार सय ९० सवारीसाधन दुर्घटना परेका मध्ये सबैभन्दा बढी मोटरसाइकल रहेका छन् । सो अवधिमा मोटरसाइकल मात्रै चार सय ५१ दुर्घटनामा परेका थिए । यसले दुई पाङ्ग्रे सवारी दुर्घटनाको उच्च जोखिममा रहेको प्रमाणित हुन्छ । यतिबेला त्यही सवारी चलाउनेहरु स्कूले, बालबालिका बढी देखिन थालेका छन् । उमेर नै नपुगेका, अनुमतिपत्र नभएका त्यस्ता चालक स्कुटीमा चार जना सवार भएको दृष्य त सामान्य जस्तै भइसकेको छ । त्यसैले यस्तो बेला ट्राफिक प्रहरीले सचेतनासँगै सहायक तथा सम्पर्क सडकहरुमा छड्के जाँच गर्न आवश्यक छ । देशभरी सवारी चाप बढिरहेको सन्दर्भमा जनशक्तिको अभावमा काम गर्दै रहेका ट्राफिकलाई समाज र स्थानीय सरकारले पनि सहयोग गर्नुपर्छ । उनीहरुलाई साधन, जनशक्तिले सम्पन्न बनाउन र ट्राफिक व्यवस्थापनलाई चुस्त राख्न समाजको पनि त्यत्तिकै भूमिका रहनुपर्छ । अनि मात्र यो समस्याको न्यूनीकरण हुनसक्छ ।**

# ग्रामीण विकासको कृषि मोडेल



**वामदेव क्षेत्री घिमिरे**

नेपालको अधिकांश बसोबास र आर्थिक मेरुदण्ड ग्रामीण क्षेत्र नै हो । भूराजनीतिक अवस्थिति, आर्थिक स्रोत र सम्भाव्यताको दृष्टिकोणले पनि ग्रामीण क्षेत्र महत्वपूर्ण छ । मौलिकतामा आधारित कृषि क्षेत्रको विकास नगरी देशको विकास पनि हुँदैन । हामीले लक्ष्य निर्धारण गर्नुपर्छ । हामी ग्रामीण क्षेत्रबाट सहरमा बसाइ सरेका छौं, कतिपय शहर र ग्रामीण क्षेत्रबाट विदेश गएर पनि बसेका छौं । जहाँ बसेका छौं त्यहाँको नागरिकता पाउनुमा आफूलाई गर्व गर्छौं । हामीसँग भएको ज्ञान, सिप, अनुभव र पुँजी ग्रामीण क्षेत्रमा भित्र्याएर कृषि तथा अन्य क्षेत्रमा विकास गर्ने लक्ष्य निर्धारण गर्न सकेका छैनौं । विदेशमा बसेर, सहर पसेर, नेताहरूलाई गाली गरेर ग्रामीण क्षेत्र वा देश बन्दैन ।

अहिले अनुभूति भएकै होला 'कोरोना (कोभिड-१९)' महामारीका कारण नेपालीलाई आफ्नो देश किन प्यारो भयो ? विदेशले आफ्नै देशमा जाउँ भनेर किन अपमान गरिरहेका छन्, अब पनि हामीले नचेत्ने कहिले चेत्ने ? हामी प्रकृतिका धनी छौं, हामीले विदेशमा परिश्रम गरे झैं स्वदेशी माटोमा समय प्रयास, पुँजी र प्रविधि लगानी गरेमा के हुँदैन नेपालमा ? मुख्यतः ग्रामीण क्षेत्रमा कृषि नै हो, कृषिबाट हुने सहउत्पादन हो । हामीले जीवन जिउने बाध्यता भन्दै जीविकाका निम्ति आफ्ना सन्तानलाई रगत र पसिना बगाउन विदेशमा बेच्न बाध्य नबनाऔं ।

वि.सं. २०७२ मा बनेको भू-उपयोग नीति अनुसार भूमिको वर्गीकरण गरिएको छ । कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, सांस्कृतिक तथा पुरातात्विक, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र भनेर वर्गीकरण गरेका छौं । त्यसको कार्यान्वयनमा चासो नदिँदा खेतीयोग्य जमिन प्लटिङमा सकिएको छ । खेतीयोग्य ग्रामीण क्षेत्रको जमिन खाली भएको छ, ग्रामीण क्षेत्रको बिच-बिचमा उद्योग सञ्चालनमा छन् । सरकारले छुट्याएको आवास क्षेत्रमा कसैको बसोबास छैन । राज्यले जग्गाको वर्गीकरण गर्दा लालपुर्जामा नै आवास क्षेत्र भनेर लेखिदिने हो भने केही हदसम्म ग्रामीण क्षेत्रको भूगोल उपयोग गर्ने र खेतीयोग्य जमिनमा आवास बनाउन, उद्योग लगाउन रोक लगाउन सकिन्थ्यो । एउटा प्रयोजनका लागि छुट्याएको जमिनमा अर्को प्रयोजन गर्न पूर्ण वर्जित हुन नितान्त जरुरी छ ।

**जमिनको वर्गीकरण र चक्लाबन्दी**

हामीले अहिलेसम्म व्यावसायिक खेती नै गरेका छैनौं । अब गर्ने खेतीले ग्रामीण आर्थिक क्रियाकलापमा प्रत्यक्ष योगदान पुर्‍याउनुपर्छ । निर्वाहमुखी कृषि प्रणालीबाट माथि उठेर आधुनिक प्रविधिमा आधारित व्यावसायिक एवम् बृहत कृषि एवम् पशुपालन फर्मिङ मार्फत ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलाप गर्नुपर्छ । व्यावसायिक फार्मिङको निमित्त प्रथम सार्वजनिक मुख्य राज्यको मातहत रहेका रुख वृक्ष नभएको वनको खाली मैदान, निजीरूपमा रहेको जमिन लिजमा लिएर र सेयर प्रणालीबाट टुक्रा-टुक्रामा रहेको जमिन एकीकृत गरी चक्लाबन्दी गर्न जरुरी छ । चक्लाबन्दी प्रक्रियासँगै विद्यमान जग्गाको अनुपात र स्वामित्व, उत्पादकत्वका आधारमा सेयर स्वामित्व सिर्जना गर्नुपर्छ । नेपालीको संस्कार सामुहिक चक्लाबन्दीमा काम गर्ने छैन । हरेक टुक्रामा रहेको जमिनलाई उत्पादकत्व र आर्थिक क्रियाकलापका आधारमा मूल्याङ्कन गरी एकीकरण गर्ने, हरेक चक्लालाई सेयरको अंश मानेर कति अनुपातमा जमिन छ, त्यहीं अनुपातमा मालिक कायम गरी चक्लाबन्दी सेयर अंश प्रदान गर्ने व्यवस्थापन गर्न सकिन्छ ।

**ग्रामीण क्षेत्रमा एकीकृत कृषि र बस्ती**

चीन, जापान, इजरायल जो कृषि उत्पादनमा क्रियाशील छन्, उनीहरूले यो विधि प्रयोग गरेका छन् । ग्रामीण बस्तीलाई एकीकृत बनाउन ठूला-ठूला शहर राज्यको निर्माणमा सहयोग भए पनि ग्रामीण क्षेत्रका साना-साना शहर जनताको मेहनतले निर्माण भएका छन् । त्यहाँ स्कूल, यातायात, बिजुली, पानी, स्वास्थ्य सहरकेन्द्रित छ भने टाढा-टाढा एक्लाएक्लै बनाएका बस्तीमा त्यो सुविधा छैन । हो, राज्यलाई एउटा मौका थियो, महाविपत्ति भूकम्पबाट क्षति भए पनि एकीकृत बस्ती र सामुहिक खेती प्रणालीको योजना बनाउनुपर्ने थियो, राज्य त्यहाँनेर चुकेको छ । अहिले ग्रामीण क्षेत्रमा शिक्षित युवा विदेशबाट आएर बाख्रापालन, बङ्गुरपालन, कुखुरापालन, तरकारी खेती, सजीवन खेती, जडीबुटी खेती, माछापालन गर्न थालेका छन्, त्यो सकारात्मक सङ्केत हो ।

अहिले 'कोरोना (कोभिड-१९)'को महामारीबाट लाखौं वेरोजगार युवा स्वदेश फर्किंदै छन् । उनीहरूका लागि टुक्रे योजना होइन, रोजगार सिर्जना गर्न ग्रामीण क्षेत्रमा बृहत् योजना र कृषिसँग जोडिएका ठूला फर्म र कम्पनी निर्माणको आवश्यकता छ । हामीले बेरोजगारलाई रोजगार दिने, कृषकको आयस्तर उकास्दै, राष्ट्रिय अर्थतन्त्रलाई माथि लैजाने किसिमका योजना बनाउन आवश्यक छ । गाउँपालिका/नगरपालिकामा आउने बजेट र ग्रामीण क्षेत्रमा कृषि पढेका युवालाई प्राथमिकता दिएर हामीले पाँच वर्षमा दुई अङ्कको जिडिपी बनाउने लक्ष्य राख्नु पर्छ । कृषिबाट उत्पादित वस्तुबाट हामीले घरेलु तथा साना उद्योग पनि ग्रामीण क्षेत्रमै सञ्चालन गर्न सक्छौं । गाउँमै शहरी सुविधा पुगेपछि कृषिमा निर्भर जनसंख्या ग्रामीण क्षेत्रमा फर्कने अवस्था आएपछि कृषिकर्मले फेरि चोला फेर्न सक्छ । मुलुकको उन्नति पनि यसैबाट हुन्छ ।

**ग्रामीण क्षेत्रमा कृषिमा श्रमिकको समस्या**

सरकारको अनुमान अनुसार हालसम्म हाराहारी पाँच लाख जति श्रमिक बजारमा आउँछन् । त्यसमध्ये ८० प्रतिशत श्रमिक वैदेशिक रोजगारीमा गएको पाइन्छ । ग्रामीण क्षेत्र पूरै खाली नै छ । माध्यमिक शिक्षा पढेपछि शहर पस्ने वा विदेश जाने चलनले ग्रामीण क्षेत्रमा कृषि श्रमिकको अभाव छ । त्यसैले खेतीयोग्य जमिन बाँझै भएर जङ्गलमा परिणत भएको छ । व्यवस्थित श्रम बजार, मागमा व्यवस्थापन नहुँदा स्वदेशमै काम पाइने स्थितिमा पनि युवा विदेशिएको अवस्था हो । अर्को ठूलो समस्या भनेको अर्धवेरोजगारी पनि हो । थोरै जमिन छ एक-दुई दिन काम गरेर सकिन्छ बाँकी समय खाली रहँदा मुख्यतः सुदूरपश्चिमका युवकयुवती मौसमी खेती कामका लागि लाखौंको संख्यामा हिमाञ्चल प्रदेश गढवाल, कुमाऊ भारतको अन्यत्र क्षेत्रमा सामान्य कामको खोजीमा जाने गरेका छन् ।



राज्यको कुनै पनि तहमा तिनीहरूको रेकर्ड छैन । अर्को सरकारीस्तरबाट नै वैदेशिक रोजगारलाई प्रोत्साहन र प्रवर्द्धन गरिएकाले पनि नेपालमा श्रम अभाव हुन थालेको हो । यसको समाधानका उपाय राज्यले नै खोज्नुपर्छ । ग्रामीण क्षेत्रको कृषिको उत्पादकत्व बढाउन आधुनिकीकरण गर्ने र ग्रामीण क्षेत्रका युवालाई देशभित्रै कृषि व्यवसायी वा अन्य रोजगारको व्यवस्था मिलाउने दायित्व राज्यको हो । कृषि श्रमिकको अभाव, मल र बिऊको सहुलियत राज्यबाट नहुने, सबैले खेती गर्न छोडेपछि खेतबारी जङ्गलमा रूपान्तरण हुने, केही कृषकले खेती गरे पनि जङ्गली जनावर बाँदर, भालु, बँदेल, दुम्सी, अर्ना, हात्तीबाट बाली जोगाउन समस्या भएकाले पनि ग्रामीण क्षेत्रका किसान कृषि कर्मबाट अलग हुँदै छन् । राज्यले यसको समाधानका उपाय खोज्नु पर्छ ।

**ग्रामीण कृषिमा वित्तीय संस्था**

ग्रामीण क्षेत्रमा जहाँ किसानको बसोबास छ, त्यहाँ वित्तीय पहुँच पुग्न सकेको छैन । नेपालमा ३१ वटा वाणिज्य बैङ्क छन् र तीन वटा सरकारको सेयर रहेका नेपाल बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क र कृषि विकास बैङ्क छन् । सरकारले कृषकलाई पाँच प्रतिशत प्रतिशतसम्म सहुलियत ऋण दिने व्यवस्था गर्‍यो । त्यसको अनुगमन कसले गर्‍यो । कृषकलाई यति ऋण दियो भनेर डाटा प्रस्तुत गर्नेमा विश्वास गरियो । यी सरकारी तीन वटा बैङ्क सहरकेन्द्रित छन् । बढी भए जिल्लाको सदरमुकामसम्म पुगेका छन् ।

राष्ट्रिय वाणिज्य बैङ्कले त ग्रामीण क्षेत्रको धितो पनि लिँदैन । के यस्तो व्यवस्थाले ग्रामीण क्षेत्रका कृषकमा वित्तीय पहुँच हुन्छ ? त्यहाँ लघुवित्तीय संस्था र सहकारी छन् । जसले किसानबाट १८ प्रतिशत प्रतिशतसम्म ब्याज असुली गर्छन् । राज्य यसबाट बेखबर छ । यिनै लघुवित्तीय संस्थाले ऋण उपलब्ध गराए पनि ज्यादै चर्को ब्याज लिने गरेकाले सानो स्केलमा कम नाफा हुने कृषि पेसामा किसान मर्कामा परेका छन् । यसमा राज्यको ध्यान जानु पर्छ ।

**ग्रामीण कृषि र स्थानीय निकाय**

गाउँपालिका, नगरपालिका र सरकारका अन्य निकायलाई आफ्नो क्षेत्रमा कति जमिन बाँझो जमिन छ, के-कस्ता उत्पादन हुन सक्छ, खेतीयोग्य जमिन कति छ, पशुपालन, खाद्यान्न फलफूल खेतीको सम्भावना के छ भन्ने जानकारी हुनु पर्छ । सरकारको अनुदानको अलावा कुन वित्तीय संस्थाबाट ऋण लिएका छन्, उनीहरूको भूमिका ब्याजदर के छ, राज्यले मुख्यतः स्थानीय निकायले ग्रामीण कृषिका लागि के गर्न सक्छ आदिबारे गहिरो अध्ययन अनुसन्धान गरी योजना बनाउनु पर्छ । सङ्घ, प्रदेशलाई तलको भूगोलबारे थाहा हुँदैन, स्थानीय निकायले ग्रामीण कृषिका लागि उपल्लो निकायलाई घच्घचाउनु पर्छ । ग्रामीण कृषिको विकास आफ्नै गाउँघरबाट थालनी गरौं ।

स्थानीय तहको सानो प्रयासले भावी सन्ततिको भाग्य चम्किन्छ भने त्यसतर्फ आजै किन नलाग्ने ? स्थानीय निकायले लाभका क्षेत्र पहिचान गर्नु पर्छ । कृषियोग्य भूमिमा प्लटिङ रोक्ने, भूमि बैङ्क र कृषि बैङ्कको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्नेबारे स्थानीय निकायले विज्ञहरूसँग सल्लाह लिने, वित्तीय व्यवस्थापन मिलाउने, युवालाई आह्वान गर्ने, तालिमको व्यवस्थापन गर्ने र योजना बनाउने हो भने ग्रामीण क्षेत्रको विकास असम्भव छैन । त्यसका लीगि तन, मन, धन, समय र प्रविधिको प्रयोग गरी दूरदृष्टि राखेर काम गर्नु आवश्यक छ । साधन र स्रोत भएर मात्र हुँदैन त्यसको प्रयोग कसरी गर्ने भन्ने कुरा महत्वपूर्ण हुन्छ । त्यसमा स्थानीय तहभन्दा बढी जिम्मेवार बन्नु पर्छ । बोलेर होइन, व्यवहारबाटै विकासको रेखा कोर्न अब ढिला गर्नुहुन्न । *गोप*

# घिउकुमारी खानुका फाइदा ?



घिउकुमारी अर्थात् एलोबेरा औषधीय गुणको वनस्पती हो, जो सहजै बगैंचा वा करेसाबारीमा उमार्न सकिन्छ । यसलाई सानो गमलामा रोप्न सकिन्छ । हुर्काउन र स्याहार्नका लागि पनि खासै गाह्रो छैन । यो वनस्पति हाम्रो निम्ति गुणकारी वनस्पती हो । घिउकुमारीको पातमा तरल पदार्थ हुन्छ । यसमा केही प्रकारको प्रोटिनका साथै भिटामिन पाइन्छ ।

त्यसैले उक्त पातको प्रयोग स्वास्थ्य र सौन्दर्य दुबैका लागि फाइदाजनक मानिन्छ । तेल बिना नै यसको कोमल जेलको प्रयोगले एउटा नाइट क्रिम बनाउन सकिन्छ । घामको हानिकारक किरणबाट बच्नको लागि घिउकुमारीको जेलको प्रयोग गर्न सक्नुहुन्छ । जसले कपाल झर्ने समस्यालाई रोक्न सक्छ । यही कारणले यसलाई चामत्कारिक वृक्ष पनि भन्ने गरिन्छ ।

घिउकुमारीलाई लामो समयदेखि सुन्दर हुनको लागि प्रयोग गर्दै आएको छ । तर, यो सुन्दरताको सँगै स्वास्थ्यको लागि पनि फाइदाजनक छ । जति छालाको लागि राम्रो मानिन्छ । राम्रो स्वास्थ्यको लागि बिहान खाली पेटमा घिउ कुमारीको जुस पिउनका लागि विज्ञहरु सल्लाह दिन्छन् ।

**के पाइन्छ घिउकुमारीमा ?**

घिउकुमारीमा भिटामिन ए, बि-१, बि-२, बि-६, बि-१२ र ई पाइन्छ । साथै यसमा फोलिक एसिड जस्ता पोषकतत्व हुन्छ । यसको जेलमा तामा, फलाम, क्याल्सियम, जिंक, पोटाशियम, क्रोमियम, म्याग्नेशियम जस्ता तत्व पाइन्छ । यो प्राकृतिक रुपमा प्रभावशाली जडिबुटी हो । घिउकुमारीलाई लामो समयदेखि सुन्दर हुनको लागि प्रयोग गर्दै आएको छ । तर, यो सुन्दरताको सँगै स्वास्थ्यको लागि पनि फाइदाजनक छ ।

जति छालाको लागि राम्रो मानिन्छ । राम्रो स्वास्थ्यको लागि बिहान खाली पेटमा घिउ कुमारीको जुस पिउनका लागि विज्ञहरु सल्लाह दिन्छन् । घिउ कुमारीले क्यान्सरबाट मात्रै बचाउदैनन अन्य बिरामीलाई निको पार्नको लागि पनि सहयोग गर्छ । दैनिक जीवनमा यसको प्रयोग गर्दा हामीलाई निम्न फाइदा हुन सक्छ ।

**कब्जियतको उपचार**

घिउ कुमारीमा कैयन् औषधीको गुणहरु हुन्छन् । जसले कब्जियतलाई भगाउनका लागि मद्दत गर्छ । साथै पाचन प्रणालीकोसमस्या भएका व्यक्तिहरुले पनि घिउ कुमारीबाट धेरै फाइदा लिन सक्नेछन् ।

**मुटुको जलनबाट राहत**

गर्मीमा मुटुमा जलन र एसिड रिफ्लक्सको समस्या बढी हुने गर्छ । तर, एलोभेराको जुसले कुनै पनि असहज साइड इफेक्ट बिना यी समस्याहरूलाई हटाउन मद्दत गर्छ ।

**इरिटेबल बोवेल सिन्ड्रोम**

एलोभेराको जुस इरिटेबल बोवेल सिन्ड्रोम ( आइवीएस) को उपचारमा पनि उपयोगी सावित हुन सक्छ । यस्तो अवस्थामा आन्द्रा सुन्निन्छ, जसले दुखाइ र अन्य समस्या निम्त्याउँछ ।

**वजन नियन्त्रणमा राख्न**

भिटामिन, मिनरल्स र एन्टिअक्सिडेन्टले भरपूर एलोभेराको जुसले भोकलाई नियन्त्रण गर्छ, जसले तौल बढ्नबाट रोक्छ ।

**शरीर डिटक्स गर्न**

एलोभेराको जुसले शरीरबाट विषाक्त पदार्थ निकाल्छ र शरीरको प्रणालीलाई सफा गर्छ । साथै यसमा पाइने तत्वले रोग प्रतिरोधात्मक क्षमता बढाउन पनि सहयोगी हुन्छ ।

**रक्त शर्करा नियन्त्रण गर्न**

एलोभेराको जुस मधुमेहका बिरामीका लागि फाइदाजनक हुन्छ । बिहान खाली पेटमा यसको सेवनले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न र मधुमेह र हाइपरलिपिडेमियाका बिरामीहरूमा लिपिड कम गर्न मद्दत गर्छ ।

**दाात र गिजाको लागि**

घिउकुमारीमा आफ्नो प्राकृतिक जीवाणुरोधी र रोगाणुरोधी गुण हुन्छ, जसले गिजा र दाँतलाई स्वस्थ्य तुल्याउँछ । यो विभिन्न प्रकारको भिटामिन र खनिजले भरिएको हुन्छ, जसले कोसिकाको विकासमा सहयोग गर्छ । त्यहीकारण गिजाबाट रगत बग्ने, मुखको अल्सर जस्ता समस्या हुन दिँदैन ।

**केसको लागि**

घिउकुमारी एकदमै राम्रो मोश्चराइजर हो, जसले केसलाई घना र मुलायम बनाउँछ । यसले केसको पिएच सन्तुलन गर्नमा पनि सहयोग गर्छ । घिउकुमारीमा हुने पोषणतत्वले केस बढ्न सहयोग गर्छ र झर्न दिँदैन । घिउकुमारी जेलमा कागतीको रस मिसाएर केसमा लगाउनुपर्छ । त्यसपछि २० मिनेट जति तातो तैलियाले केसलाई लपेट्ने । अन्त्यमा मनतातो पानी र हल्का स्याम्पूले केस सफा गर्नुपर्छ । यो प्रक्रिया हरेक दुई हप्तामा दोहोर्‍याउँदा हाम्रो केश राम्रो हुन्छ । हरेक वनस्पति मानिसका लागि जति फाइदाजनक हुन्छ । त्यसको प्रयोग गर्न नजान्नाले हाम्रो शरीरलाई बेफाइदा पनि उत्तिकै हुन्छ ।

**यस्ता छन् घिउकुमारीका बेफाइदाहरु :**

लामो समयसम्म घिउकुमारी खाँदा पत्थरी हुने, कलेजोको छान्ने प्रक्रियामा समस्या ल्याउने, डिहाइड्रेसन गराउने, पखाला गराउने लगायत समस्या निम्त्याउन सक्छ । दीर्घरोगीलाई घिउकुमारी फाइदाजनक भए पनि मधुमेह, उच्च रक्तचाप र मुटुसम्बन्धी एलोपेथिक औषधि खाइरहेका छन् भने चिकित्सकको निगरानीमा मात्रै घिउकुमारी सेवन गर्नुपर्छ ।

घिउकुमारी खाँदा मात्रा नभएर यो कुन माटोमा कस्तो किसिमले हुर्किएको छ ? भन्ने कुरामा पनि ध्यान दिनुपर्छ । 'विषादी प्रयोग भएको माटोमा उम्रिएको घिउकुमारी, कलकारखाना वरपर उम्रिएका घिउकुमारीमा पनि रसायनहरु मिसिएको हुन सक्ने हुँदा त्यसले स्वास्थ्यलाई हानी गर्न सक्ने हुँदा विषादी प्रयोग नभएको घर-आँगनमा रोपेको घिउकुमारी स्वास्थ्यबर्द्धक हुन्छन् र यसरी विषादी प्रयोग नभएको घर-आँगनमा रोपेको घिउकुमारी मात्र सेवन गर्नुपर्छ ।

# सकियो ट्राफिक सप्ताह र लागूऔषधबिरुद्धको अभियान



**बिर्तामोड, असार १३।** सातै दिन सात काम सडक सुरक्षा हाम्रो अभियान भन्ने मूल नाराका साथ कोशी प्रदेशमा शुरु भएको ट्राफिक सप्ताह र 'लागू-औषध दुरुपयोग तथा अवैध ओसारपसारबिरुद्ध' अभियान सम्पन्न भएको छ ।

गत असार ६ गतेबाट शुरु भएको अभियान सम्पन्न भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी निरीक्षक नवराज न्यौपानेले जानकारी दिए । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको संयुक्त आयोजनामा भएको 'ट्राफिक सप्ताह २०८१'को बिर्तामोडमा एक कार्यक्रमका बीच समापन भएको हो ।

सात दिनसम्म भएका ट्राफिक गतिविधिका बारेमा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख मिलन केसीले प्रकाश पारेका थिए । सात दिनसम्म निरन्तर सडक सुरक्षा सम्बन्धी गतिबिधि सञ्चालनपछि ट्राफिक प्रहरीले सप्ताहव्यापी अभियानको औपचारिक समापन गरेको हो । बिर्तामोडमा सप्ताहको अन्तिम दिन सचेतनामूलक र्‍यालीसहित कार्यक्रम समापन भएको जनाइएको छ ।

सडक सभ्यता अभिवृद्धि तथा सवारी दुर्घटना न्यूनिकरणका लागि सचेतनामूलक कार्यक्रमहरु गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । तीव्रगतिमा सवारी नचलाऔं, सदैव ट्राफिक नियमको पालना गरौं, दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं, मोटरसाइकलमा दुई जनाभन्दा बढी नबसौं लगायतका सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै अभियान समापन गरिएको हो ।

यसैबीच समुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत 'लागू-औषध दुरुपयोग तथा अवैध ओसारपसारबिरुद्ध' साताव्यापी कार्यक्रमको पनि समापन भएको छ । ट्राफिक सप्ताह र लागूऔषधबिरुद्धको सप्ताहव्यापी कार्यक्रम एकैसाथ समापन भएको हो । कार्यक्रममा स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै झापाका प्रहरी उपरीक्षक मिलन केसीले लागूऔषधको अवस्था भयावह बन्दै भएको भन्दै चिन्ता व्यक्त गरे ।

नेपाल प्रहरी प्रधान कार्यालयको निर्देशनमा देशभर एकै सात शुरु भएको 'लागू-औषध दुरुपयोग तथा अवैध ओसारपसारबिरुद्ध' अभियान झापामा पनि समान भएको हो । लागूऔषध दुरुपयोग तथा अवैध ओसारपसारबिरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा समापन गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय झापा, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा तथा इलाका प्रहरी कार्यालय अनारमनी झापाको संयुक्त आयोजनामा भएको कार्यक्रममा झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथी बाँस्तोलाले सवारी दुर्घटना न्यूनिकरण र लागूऔषधबिरुद्ध सबै मिलेर अघि बढ्नुपर्ने उल्लेख गरे । स्थानीय संघ-संस्था, जनप्रतिनिधि लगायत हरेक नागरिकले आफ्नो कर्तव्य ठानेर लागे मात्रै असल समाज निर्माण गर्न सकिने धारणा व्यक्त गरे । कार्यक्रममा राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरीका प्रहरी उपरीक्षक सरोज पौडेल, बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपाने, वीरता लेडी जेसीजकी अध्यक्ष मिनु ओली, सञ्चारकर्मी मुक्ति पौडेल लगायतले बोलेका थिए । कार्यक्रममा विभिन्न माध्यमबाट ट्राफिक प्रहरीलाई सहयोग गरेको भन्दै ट्राफिक सप्ताह समापनको अवसरमा धुलाबारीस्थित इस्टहोराइजन स्कूललाई सम्मान गरिएको थियो ।

# 'असार मसान्तको नाममा असुली रोक'





**झापा, असार १३।** नेपाल कम्युनिष्ट पार्टी माओवादीले असार मसान्तको नाममा अनावश्यक दुःख नदिन अपिल गरेको छ ।

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी झापाले असार मसान्तको नाममा बैंक, वित्तीय संस्था र मिटरब्याजी समेतले उद्योगी, व्यवसायी र श्रमजीवी जनतालाई हदैसम्मको दुःख दिन थालेको भन्दै एक प्रेस विज्ञप्ति जारी गर्दै नागरिकलाई अनावश्यक दुःख नदिन अपिल गरेको हो ।

पार्टीका केन्द्रीय सदस्य तथा झापा जिल्ला इन्चार्ज सुमनसिंह सी र पार्टी सचिव सञ्जय सीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- देश आर्थिक रुपमा गम्भीर संकटमा फसेको, राज्य स्वयम्ले पुँजीगत खर्चको भुक्तानी दिन नसकेको, व्यापार घाटा बढेको, उद्योग व्यवसाय चौपट भएको र यस्तो बेला बैंकहरुले नागरिकबिरुद्ध बाँच्न पाउने हक समेत खोस्ने गरी अनावश्यक रुपमा टर्चर दिएको भन्दै यस्तो कार्य तुरुन्त रोक्न आग्रह गर्दछौं ।

झापामा क्रियाशिल उद्योगी, व्यापारी र सर्वसाधरण श्रमिक जनता माथि बैंक, लघुवित्त संस्था र मिटरब्याजीहरुले असार मसान्त अर्थात् क्लोजिङको नाममा चलाएको अशुली आतंकप्रति आफ्नो पार्टीको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उद्योगी व्यापारीहरुको उद्योगधन्दा कारोवारको अवस्था खस्कँदो र संकटपूर्ण रहेको, व्यापार घाटाको अवस्था डरलाग्दो बन्दै गइरहेको भन्दै नागरिकलाई अनावश्यक रुपमा आर्थिक दवाब नदिन विप्लप माओवादीले विज्ञप्ति मार्फत चेतावनी दिएको हो ।

सरकारले नागरिकको जीवनस्तर उकास्ने विषयमा सोच्नुपर्नेमा उद्योगी र व्यवसायीको पक्षमा लागेर अनावश्यक रुपमा नागरिकलाई दुःख दिने काम भएको भन्दै विप्लप माओवादीले यस्ता कार्य तत्काल रोक्न माग गरेको छ ।

बैंक तथा वित्तीय संस्थाहरु व्यवसायी तथा उद्योगीका नाममा सार्वजनिक सूचना प्रकाशन गर्ने, लोन रिकभरिका नामक टिम बनाएर फोन मार्फत र घर-घर गएर धम्काउने, थर्काउने, गालीबेइज्जत गर्ने, आक्रमण गर्ने जस्ता विभिन्न दवाबहरु पैदा गर्ने कार्य झापामा भइरहेको भन्दै यसप्रति आफ्नो पार्टीको गम्भीर ध्यानाकर्षण भएको झापा इन्चार्ज सुमन सिंहको भनाइ छ ।

देशको आर्थिक क्षेत्रमा उत्पन्न भएको यस्तो संकटपूर्ण अवस्थामा उद्योगी, व्यवसायीहरुको बाँच्न पाउने हक समेत खोस्ने गरी उद्योगी, व्यवसायीहरुको सामाजिक अस्तित्वमा आँच पुऱ्याउने पलायन हुन बाध्य पार्ने कार्यहरु बढिरहेको भन्दै विप्लप माओवादीले सचेत गराएको छ ।

## पेस्तोलसहित पक्राउ

**बिर्तामोड, असार १३।** बिर्तामोडबाट प्रहरीले कटुवा पेस्तोलसहित एक जनालाई पक्राउ गरेको छ ।

पक्राउपर्नेमा बिर्तामोड-७ स्थित फक्तालुङ(सिरान) टोलका ३० वर्षीय सुरेश पराजुली रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । घरमा आफ्नै भाउजुसँग झगडा गरिरहेको अवस्थामा पुगेको प्रहरी टोलीले घरमा खानतलासी गर्दा अवैधरुपमा लुकाई राखेको बिडसहितको १० इञ्च लम्बाई भएको कटुवा पेस्तोल बरामद गरेको हो ।

घरमा लुकाई राखेको अवस्थामा अवैध हतियार फेला परेसंगै पराजुलीलाई पक्राउ गरेर इलाका प्रहरी कार्यालय अनारमनीबाट अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ ।

# माईमा सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखिकरण



– विमल दाहाल

**इलाम, असार १३।** सुरक्षित आप्रवासन(सामी)कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट स्वदेश फर्केका, वैदेशिक रोजगार जाने तयारी रहेका व्यक्तिहरुको लागि अभिमुखिकरण तथा हकहित संरक्षण नगरस्तरीय समिति स्थानीय गठन माई नगरपालिकामा सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि माई नगरपालिका प्रमुख प्रशासकीय अधिकृत महेन्द्र विश्वकर्माले विश्व बजारमा श्रमको अवसर कहाँ छ ? भन्ने बारेमा जानकारी आदन प्रदान हुनुपर्ने धारणा राखेका थिए । स्वदेशमै रोजगारी सिर्जना गर्ने विषयमा सिप, दक्षता हासिल गर्न आग्रह गर्दै सिप भएका र स्वदेशमै केही गर्छौ भन्नेहरुलाई नगरपालिकाले सहयोग गर्ने जानकारी दिए ।

विशेष अतिथी माई नगरपालिका-३ का वडाध्यक्ष देउकुमार तामाङले वैदेशिक रोजगारीमा हुने समस्या र चुनौतिका बारेमा आफ्ना अनुभवसहितका धारणा राखेका थिए । माई नगरपालिका रोजगार संयोजक हिमाल तिम्सिनाले कार्यक्रमको महत्व र माईको अवस्थाका बारेमा जानकारी गराएका थिए । आप्रावासी कामदारहरुको जिल्लास्तरीय सञ्जाल इलामका उपाध्यक्ष टिकाराम बराइलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा केन्द्रका गणेशप्रसाद श्रेष्ठ र नविनसुन्दर शेर्माले सहजीकरण गरेका थिए ।

सामी कार्यक्रमका मुख्य सेवाहरु सिप विकास तालिम, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता, न्यायमा पहुँच र सूचना तथा परामर्श रहेका छन् । कार्यक्रममा वैदेशिक रोजगारीले पारेका राम्रा र नराम्रा प्रभावहरूको बारेमा छलफल गरिएको थियो ।

वैदेशिक रोजगारीलाई व्यवस्थित तथा मर्यादित एवम् शोषणरहित बनाउँदै वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको सही सदुपयोग गरी देशभित्रै रोजगारीको अवसरहरू सिर्जना गर्ने तथा आयआर्जनमा वृद्धि गरी भविष्यमा सहज जीविकोपार्जन गर्ने गराउने र सामाजिक रूपमा सम्मानित भएर बाचने आधार तयार पार्ने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको प्रशिक्षक श्रेष्ठले बताए ।

यसैबीच बुद्धराज योङहाङ लिम्बूको अध्यक्षतामा ११ सदस्यीय माई नगरस्तरीय समिति आप्रावासी कामदार हकहित संरक्षण केन्द्र गठन भएको छ । नवगठित समितिको उपाध्यक्षमा रुकबहादुर मगर, सचिवमा सुकबहादुर राई, सहसचिवमा दिपेश राई र कोषाध्यक्षमा तिर्थकुमारी राई रहेका छन् ।

समितिको सदस्यहरुमा शुक्रराज नेम्बाङ्ग, वीरबहादुर सिन्चुउरी लगायत रहेका छन् । समितिमा माई वडा नम्वर २, ८, ९ र १० बाट सदस्य मनोनित गर्न बाँकी रहेको नवगठित समितिका अध्यक्ष लिम्बूले जानकारी दिए । माई नगरपालिकाका रोजगार संयोजक हिमाल तिम्सिना र रोजगार सहायक समिर योङहाङ्ग लिम्बूको संयोजन एवम् व्यवस्थापनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# अक्षयकोषबाट शिक्षक तथा विद्यार्थी सम्मानित



**अर्जुनधारा, असार १३।** रामकुमार अछामी स्मृति अक्षयकोष अर्जुनधाराले वर्ष उत्कृष्ट शिक्षक तथा उत्कृष्ट विद्यार्थीहरुलाइ एक कार्यक्रमका बीच सम्मान गरेको छ ।

शैक्षिकसत्र २०८० को नगरस्तरीय कक्षा ८ को परिक्षामा रामकुमार अछामी कार्यरत विद्यालय गणेश आधारभूत विद्यालयकी उत्कृष्ट जिपिए ल्याएका जेहेन्दार विद्यार्थी इष्मा बुर्जा मगर र सुष्मा खनाल त्यसैगरी नगरभित्रबाट कक्षा ८ मा उत्कृष्ट जिपिए ल्याउने लक्ष्मी माविकी शितक अधिकारी र कक्षा १२ मा उत्कृष्ट जिपिए ल्याउने लक्ष्मी माविकी दिव्य काफ्लेलाई नगदसहित प्रशंसापत्र प्रदान गर्दै सम्मान गरिएको थियो ।

त्यस्तै वर्ष उत्कृष्ट शिक्षकमा ५१ बाल शिक्षक मध्येबाट गणेश आधारभूत विद्यालयकी रिया राई, आधारभूत विद्यालय तर्फबाट शनिश्चरे माविका सरोज काफ्ले र मावितर्फ महारानीगञ्ज माविका पूर्व स्रोतव्यक्ति एवम् शिक्षक सूर्यप्रसाद सापकोटालाई सम्मान गरिएको छ ।

यसैक्रममा स्वर्गीय रामकुमार अछामीकी धर्मपत्नी शिक्षक कुमारी अछामीलाई सम्मान गरिएको थियो । रामकुमार अछामी गणेश आधारभूत विद्यालय प्रधानाध्यापक हुन् । उनको कामको शिलशिलामा काठमाडौं पुगेर फर्कदा दुर्घटनामा परेर २०७५ चैत्र ९ गते निधन भएको थियो । एउटा कुशल प्रधानाध्यापक मात्र नभएर नगर कै एउटा सामाजिक कार्यकर्ताको भूमिका निर्वाह गर्ने सँगै नेपाल राष्ट्रिय शिक्षक संगठन अर्जुनधाराको अध्यक्ष रहि शिक्षकहरुको हकहितबारेमा अभिभावकको भूमिका समेत निर्वाह गर्थें । अछामीलाई सदैव सम्झना र उनको कार्यको अनुशरण र स्मृतिका लागि यो अक्षयकोष स्थापना गरिएको भन्दै रामकुमार अछामीको जीवनी नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला उपाध्यक्ष पुण्य सुवेदीले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा अक्षयकोषले नगरका विद्यार्थी एवम् शिक्षक वर्गलाई प्रोत्साहन मात्र नभएर जिम्मेवार समेत गराएको छ । नगरबाट यस कोष वृद्धिका लागि सहयोग गर्ने बताउँदै नगरको सामुदायिक विद्यालयहरुले विद्यार्थी र अभिभावकहरुको मन जित्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सफल हुँदै गएको र यस वर्षदेखि अभिभावक शिक्षा, शिक्षकलाई पुनरताजगी तालिम र नगर प्रमुखसँग डिजिटल शिक्षा कार्यक्रम योजना राखिएको र अध्ययनका लागि विभिन्न देश जानुअघि बृजकोष, विभिन्न भाषा सिक्न अब नगर मै व्यवस्थापन गर्ने समेत जानकारी गराए । स्व. अछामीसँग विगतमा सँगै सहकार्य गरेको सम्झना सुनाउँदै प्रमुख अतिथि नगर प्रमुख बलदेव गोम्देनले उनीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

कार्यक्रममा अतिथिहरु नेपाल शिक्षक महासंघ अर्जुनधाराका अध्यक्ष चन्द्र खत्री, एकीकृत अखिल शिक्षक संगठन कोशी प्रदेशका महासचिव कपिलदेव तिम्सिना, शनिश्चरे मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराम दाहाल, शिक्षक सूर्यप्रसाद सापकोटा, नेपाल राष्ट्रिय शिक्षक संगठनका पूर्व सस्थापक केन्द्रिय सदस्य बद्री ओली, नेपाल शिक्षक संघ अर्जुनधाराकी अध्यक्ष सुजाता शिवाकोटी, नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला उपाध्यक्ष तारा विक लगायतले सम्मानित व्यक्तित्वलाई शुभकामना दिएका थिए ।

कोषमा चार लाख १० हजार तीन सय २१ रहेकोमा आफ्नो कार्यकालमा पाँच लाख माथि पुऱ्याउने आयोजक नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष केदारनाथ पोखेलले बताए । कार्यक्रमको स्वागत शिक्षक देवमाया दाहाल गरेकी थिइन् भने सहजीकरण सचिव दिपक भण्डारीले गरेका थिए ।


**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

देवराज गिरी ९७०६११९६४०६ ९८४२०७०५८६ | विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे दैनिक सेवा

रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय: दमकबाट : बिहान ६ बजे; बिर्तामोडबाट : बिहान ७ बजे; मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक): सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५; जीवन कार्की ९८१६९४०१७३

मे १ ज १६७०

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्ब, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर मो. ९८०३२५०४७२ ९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुवै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**




Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली बायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

**ताजा र विश्वसनीय समाचारका लागि www.purwanchaldaily.com लगइन गरौं ।**

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** कहिँ कतैको यात्राको अवसर आउन सक्छ, फजुल खर्च बढेर जानेछ, सानो काममा धेरै मेहनत गर्नुपर्दछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अधुरा रहेका कामहरू सिद्ध भएर जाने योग रहेको छ, उच्च अधिकारीबाट साथ, सहयोग मिल्नेछ, मन आनन्दित रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** मनमा सन्ताप बढेर जानेछ, खर्च वृद्धिको योग छ, विपरीत लिङ्गीमित्रबाट धोका हुन सक्छ, स्वास्थ्यले साथ दिने छैन ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** दिन शुभ फलदायी रहेको छ, छोटो दुरीको रोमान्टिक यात्रा हुनाले मन प्रशन्न रहनेछ, साथीभाइले सहयोग गर्नेछन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** स्वास्थ्यले साथ दिने छैन, चिसोबाट बच्नुहोला, घाँटीको समस्या बढेर जान सक्छ, साथीभाइले साथ दिनेछन्, दिन सामान्य रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आजको दिन राम्रो रहेको छ, व्यापार-व्यवसायमा लाभदायक योग परेको छ, मेहनतले गरेको काममा यथोचित लाभ मिल्नाले मन प्रशन्न रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कर्म क्षेत्र प्रगतिशील बन्नेछ, जुनसुकै काम गरे पनि सिद्ध हुने योग छ, मन हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** लामो दुरीको यात्रा हुने सम्भावना रहेको छ, खर्चमा विशेष निगरानी गर्नुपर्ने देखिन्छ, टाढा रहेका आफन्तबाट सुखद् समाचार सुन्न पाउनुहुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आज तपाईको मन अशान्त र निराश रहन सक्छ, पारिवारिक बारणबाट मनमा चिन्ता र असन्तुष्टि हुन सक्छ, धैर्य रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रेममा सफलता हुने देखिन्छ, रचनात्मक तथा कलाकारीतामा मन जानेछ, सन्तान पक्षबाट सन्तुष्टि मिल्नेछ, मन प्रशन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** स्वास्थ्यको ख्याल गर्नुहोला, मन अशान्त रहन सक्छ, कष्ट, रोग, घाटा तथा आकस्मिक संकटबाट टाढा रहनु पर्दछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** नयाँ वश्त्र प्राप्त हुने योग छ, आफन्त तथा मित्रजनबाट सहयोग हुने योग छ, पराक्रममा बृद्धि भएर जानेछ, दिन उत्तम रहेको छ ।